नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
मानसिक अस्पताल, लगनखेल, ललितपुर

(छाप: नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, मानसिक अस्पताल, लगनखेल, ललितपुर, स्था. २०२९)

## अस्पताल फार्मेसीको लागि औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३।०५।०८

१। आर्थिक वर्ष २०८३/०८४ को लागि यस अस्पतालको फार्मेसी सेवा सञ्चालनार्थ आवश्यक औषधीहरु सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नुपर्ने भएकोले संलग्न सूची अनुसारको औषधीहरु आपूर्ति गर्न ईच्छुक औषधी उत्पादक, वितरक, सुपर स्टकिष्ट /सप्लायर्स/ डिष्ट्रिब्युटर्सवाट सिलबन्दी दरभाउ प्रस्ताव आव्हान गरिएको छ ।

२। दरभाउपत्र फाराम दस्तुर रु. १०००।- (अक्षरेपी रु एक हजार मात्र) पछि फिर्ता नहुने राजश्व बुझाई चालु आ.व. को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, ईजाजत पत्र, आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न गरी खरिद ईकाइवाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३। दरभाउपत्र फाराम सूचना प्रकाशित मितिले ०७ औ दिनको कार्यालय समय भित्र खरिद गरी ८ औ दिनको १२ बजे भित्र खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ। दर्ता भएको दरभाउपत्रहरु सोही दिनको २ बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ ।

४। दरभाउपत्र खरिदको लागि दरभाउपत्र खुल्ने मितिबाट कम्तिमा ७५ दिन वा सूचना प्रकासित मिति देखि ९० दिनको म्याद भएको रु.१०००००।- (एक लाख मात्र) को मान्यता प्राप्त वाणिज्य बैकले यस अस्पतालको नाममा जारी गरेको विड वण्ड बैक जमानत दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

५। दरभाउपत्र पेश गर्दा यस अस्पतालको अधिकार प्राप्त अधिकारीको सहिछाप नभएको, एउटाको नाममा खरिद गरि अर्को फर्मको नाममा दर्ता गरेको दरभाउपत्र मान्य हुनेछैन । प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित स्वःघोषणा गरेको हुनुपर्नेछ ।

६। दरभाउपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP certified company बाट उत्पादित हुनुपर्नेछ ।

७। आपूर्ति हुने औषधीको Expiry date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनुपर्ने छ । आकश्मिक/दैवि प्रकोप/औषधीहरुको सर्टेज आदिको अवस्थामा अस्पताल फार्मेसी र आपुर्तिकर्ता विचको आपसी समझदारीमा आपुर्ति गर्न सकिनेछ

८. खरिद गरिएका औषधीहरुको म्याद (Expiry date) समाप्त हुनु भन्दा ३ महिना अगाडीनै फिर्ता लैजानुपर्ने छ वा त्यस्ता औषधीहरुलाई लामो म्याद भएका व्याचका औषधीहरुसँग साटफेर गर्न सकिनेछ ।

९. बिदेशी औषधीको हकमा औषधी व्यवस्था बिभागको पैठारी ईजाजत पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ

१०. दरभाउपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईने छ ।

११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ ।

१२. पेश गरेको न्यूनतम दररेट स्वीकृत भए पश्चात सो दररेट पेश गर्ने औषधी उत्पादक र वितरकले अनिवार्य रुपमा सोही दरमा अस्पतालको माग अनुसारको आईटम सप्लाई गर्नुपर्नेछ ।

१३. यसमा उल्लेख नभएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र सार्वजनिक खरिद ऐन, दोश्रो संसोधन २०८३ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१४. विस्तृत जानकारीको लागि यस अस्पतालको खरिद ईकाई तथा प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

डा. सुरज तिवारी
प्रमुख कन्सल्टेन्ट साइक्याट्रिष्ट (११ तह)
निर्देशक

Scanned with CamScanner